नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- २०८२/८३/३७५६
च.नं.:-

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

## सार्वजनिक सूचना

### "सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक" को प्रारम्भिक मस्यौदा उपर सुझाव सङ्कलन सम्बन्धमा

प्रस्तुत विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट प्राप्त "सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक" को प्रारम्भिक मस्यौदा विधायन ऐन, २०८१ को दफा (६) को उपदफा (२) को प्रयोजनार्थ सर्वसाधरणको रायका लागि यसै साथ संलग्न गरी यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र उक्त प्रारम्भिक मस्यौदा उपर राय तथा सुझाव सार्वजनिक खरिद अनुगमन कार्यालयको इमेल ठेगानाः legal@ppmo.gov.np मा उपलब्ध गराइदिनुहुन सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि अनुरोध गरिएको छ।

२०८२/१२/२६
(सुसना शर्मा)
शाखा अधिकृत

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिमको विवरण

### (क) विधेयक तर्जुमा गर्नुको कारण

विद्यमान सार्वजनिक खरिद ऐन, २०६३ ले देहायका समयानुकूल नयाँ अवधारणाहरू समेट्न नसकेको कारणले संशोधन आवश्यक भएको हो:

- मल, औषधी, सूचना प्रविधि जस्ता क्षेत्रगत (sector-specific) खरिदका लागि छुट्टै व्यवस्था अभाव
- Reverse Auction, Value for Money जस्ता आधुनिक खरिद विधिको अभाव
- E-Government Market Place (e-GP Marketplace) जस्ता डिजिटल प्लेटफर्मको कानुनी आधार अस्पष्ट
- Performance-Based Contracting सम्बन्धी स्पष्ट प्रावधानको कमी
- Abnormally Low Bid (ALB) लाई निरुत्साहित गर्ने प्रभावकारी संयन्त्र अभाव
- खरिद प्रक्रियामा गुणस्तरभन्दा न्यूनतम मूल्यमा अत्यधिक जोड

यसैले, सार्वजनिक खरिद प्रणालीलाई आधुनिक, प्रतिस्पर्धी, पारदर्शी र परिणाममुखी बनाउन संशोधन आवश्यक भएको हो।

### (ख) मौलिक हक तथा मानव अधिकारमा पर्ने प्रभाव

विधेयकको व्यवस्थाबाट देहायबमोजिम मौलक हक तथा मानव अधिकारम प्रभाव पार्न सक्ने

नागरिकलाई गुणस्तरीय सेवा (स्वास्थ्य, शिक्षा, पूर्वाधार) उपलब्ध हुने

औषधी, उपकरण, र सेवामा गुणस्तर सुनिश्चित हुँदा स्वास्थ्य अधिकार सुदृढ हुने

पारदर्शी खरिद प्रक्रियाले खरिदमा भेदभावरहित पहुँच सुनिश्चित गर्ने

घरेलु प्राथमिकताको व्यवस्थाले रोजगारी वृद्धि हुन सक्ने

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

### (ग) आर्थिक तथा वित्तीय प्रभाव

- सार्वजनिक निकायबाट हुने खर्चमा मितव्ययिता र कार्यदक्षता वृद्धि
- Value for Money अवधारणाले दीर्घकालीन लागत घटाउने
- Low Bidding को निरुत्साहनको प्रावधानले गुणस्तर सुधार हुने
- प्रभावकरी अनुगमनले सार्वजनिक स्रोतको उत्तम उपयोग हुने

### (घ) दिगो विकास लक्ष्य (SDGs) हासिलमा योगदान

संयुक्त राष्ट्र सङ्घ द्वारा निर्धारण गरिएका SDGs हासिल गर्न यो विधेयकले निम्न सहयोग पुऱ्याउँछः

SDG ८ - उचित रोजगारी र आर्थिक वृद्धिः स्थानीय उद्योग र रोजगारी प्रवर्द्धन

SDG ९ - उद्योग, नवप्रवर्तन र पूर्वाधारः गुणस्तरीय पूर्वाधार निर्माण

SDG १२ - जिम्मेवार उपभोग र उत्पादनः दिगो खरिद अभ्यास

### (ङ) सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव

- e-GP प्रणालीमार्फत डिजिटल ट्र्याकिङ र निगरानी सुदृढ भई पारदर्शिता, प्रतिस्पर्धा र उत्तरदायित्व वृद्धि हुने

# सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना:-** सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ मा संशोधन:** सार्वजनिक खरिद ऐन, २०६३ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) को (१) मा "सरकारी निकाय वा कार्यालय" पछि "वा आयोजना" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (च) को खण्ड (च) मा "मालसामान मर्मत सम्भार गर्ने" शब्दहरु पछि "विज्ञापन गर्ने कार्य, सुरक्षा सेवा लिने, हवाइ टिकट लिने वा यस्तै प्रकृतिका अन्य" भन्ने शब्दहरु थपिएका छन्।"

(३) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छः-

"(द) "एक तह माथि अधिकारी' भन्नाले सङ्घीय तथा प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय तर्फ कार्यालय प्रमुखको हकमा खरिद गर्ने निकाय भन्दा एक तह माथिको निकायको प्रमुख, सङ्घीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका मन्त्रालयको सचिवको हकमा सङ्घीय सरकार तथा प्रदेश सरकार अन्तर्गतका सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतको हकमा स्थानीय तहको प्रमुख र संवैधानिक अङ्ग वा निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित संवैधानिक अङ्ग वा निकायको प्रमुख, र अन्य सार्वजनिक निकायको हकमा खरिद गर्ने निकाय भन्दा एक तह माथिको निकायको प्रमुख र त्यस्तो निकाय नभएको अवस्थामा त्यस्तो सार्वजनिक निकायको सञ्चालक समिति वा यस्तै अन्य निकाय सम्झनु पर्छ।"

(४) खण्ड (न) मा रहेको "थुनुवा" शब्द पछि "वा कैदी" भन्ने शब्द थपिएको छ।

(५) खण्ड (न) पछि देहायको खण्ड (न१) थपिएको छः-

"(न१) "स्वदेशी मालसामान" भन्नाले स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गरिएको वा अन्य देशबाट पैठारी गरिएको कच्चा पदार्थमा स्वदेशी श्रम, स्वदेशी कच्चा पदार्थ र सामग्रीको अंशहरूको हिस्सा कम्तीमा तीस प्रतिशत मूल्य अभिवृद्धि भई स्वदेशी उद्योगबाट उत्पादन भएको मालसामान सम्झनु पर्छ।

तर विदेशबाट पैठारी गरी नेपालमा ब्रान्डिङ्ग भएका मालसामानलाई स्वदेशी मालसामान मानिने छैन।"

३. **मूल ऐनको दफा ४ मा संशोधनः** मूल ऐनको दफा ४ को उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छः-

"(५) सार्वजनिक निकायले सूचना प्रविधि प्रणालीको विकास, मर्मत सम्भार तथा सञ्चालन सम्बन्धी खरिद गर्दा सो सम्बन्धमा नेपाल सरकारको सूचना प्रविधिसँग सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय मापदण्डबमोजिम सफ्टवेयर आवश्यकता स्पेसिफिकेसन तयार गर्नु पर्नेछ।"

४. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) उपदफा (३) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन र ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, प्राविधिक मार्गदर्शन तथा कार्यविधिमा कुनै संशोधन भएमा सो संशोधनबमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट पूर्वयोग्यतासमबन्धी कागजात, बोलपत्रसम्बन्धी कागजात वा प्रस्तावसम्बन्धी कागजातमा संशोधन नभएको अवधिसम्म सम्बन्धित सार्वजनिक निकायले जारी गर्ने पूर्वयोग्यतासमबन्धी कागजात, बोलपत्रसम्बन्धी कागजात वा प्रस्तावसम्बन्धी कागजातमा संशोधनबमोजिम फेरबदल गर्नुपर्नेछ।

(३ख) उपदफा (३क) बमोजिम फेरबदल गर्दा सम्बन्धित सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको सहमतिमा लिनुपर्नेछ।"

(२) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) सार्वजनिक निकायले सार्वजनिक खरिदसम्बन्धी विषयमा कुनै कार्यालय वा सरोकारवालाले कानूनबमोजिम माग गरेको जानकारी वा जवाफ समयमा नै उपलब्ध गराउनु पर्नेछ।"

५. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को खण्ड (क) को उपखण्ड (५) मा रहेको "वा लाभग्राही समुदाय" भन्ने शब्द झिकिएको छ।

(२) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१०) पछि देहायको उपखण्ड (११) थपिएको छः-

"(११) बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) विधिबाट,

स्पष्टीकरणः यस उपखण्डको प्रयोजनको लागि "बोल अङ्क घटाघट गर्ने (रिभर्स अक्सन) विधिबाट" भन्नाले सार्वजनिक निकायको तोकिएको सीमासम्मको लागत अनुमानलाई अधिकतम रकम मानी सो रकममा घटाघट गरी कबुल गर्न बोलपत्रदाता वा सेवा प्रदायकलाई निश्चित अवधि उपलब्ध गराउने र सो अवधिमा सबैभन्दा कम अङ्क कबुल गर्न सफल बोलपत्रदाता वा सेवा प्रदायक छनौट गर्ने विधि सम्झनु पर्छ।"

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा देहाय बमोजिम हुने गरी खरिद गर्न हुँदैनः-

(क) एक आपसमा अन्तर सम्बन्धित भई एउटै प्याकेजमा सञ्चालन गर्नु पर्ने भएमा बाहेक प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी ठूला ठूला प्याकेज बनाई, वा

(ख) प्रतिष्पर्धालाई सङ्कुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्रा टुक्रा पारी।"

(४) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) एक आपसमा अन्तर सम्बन्धित भई सम्पूर्ण आयोजना वा मालसामान परीक्षण गरेर मात्र स्वीकार गर्नु पर्ने अवस्थामा निर्माण कार्य वा मालसामानको खरिद गर्दा एउटै प्याकेजमा खरिद गर्नु पर्नेछ।"

(५) उपदफा (३) मा रहेको " र" को सट्टा ", " राखिएको छ र "(१०)" पछि "(११)" भन्ने अङ्कहरू थपिएका छन् ।

(६) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) अन्तर्राष्ट्रिय स्तरमा शीघ्र मूल्य उतारचढाव हुने रासायनिक मल, विद्युत ट्रान्स्फर्मरमा प्रयोग हुने तेल र कपर वायर लगायत यस्तै प्रकृतिका मालसामान तथा उपकरणहरूका हकमा तोकिएबमोजिम विशेष व्यवस्था गर्न सकिनेछ।"

६. **मूल ऐनको दफा १० मा संशोधनः** मूल ऐनको दफा १० को,-

(१) उपदफा (२) मा "कार्य सम्पादन" पछि "स्तर, प्राविधिक र आर्थिक क्षमता (बिड क्यापासिटी)" र "पेशागत कसुर गरे बापतको सजाय" पछि "प्रस्तावित आयोजनाको कार्यसम्पादन गर्न लाग्ने समय" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थपिएको छः-

"(२क) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता गणना गर्दा बोलपत्र पेश गर्नु अघि दुई वा सो भन्दा बढी कम्पनी वा फर्म एकीकरण भएकोमा त्यसरी एकीकरण हुनु भन्दा अघि कायम रहेका कम्पनी वा फर्मको योग्यतालाई एकीकरण भई कायम भएको फर्म वा कम्पनीको योग्यतामा गणना गरिनेछ।

(२ख) उपदफा (२) बमोजिम बोलपत्रदाताको योग्यता निर्धारण गर्दा तोकिएबमोजिमको खरिद कार्यमा तोकिएबमोजिमको प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार निर्धारण गर्न सकिनेछ ।"

(३) उपदफा (५) को "दुई करोड रुपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "तोकिएबमोजिमको" भन्ने शब्द राखिएको छ ।

७. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को उपदफा (३) पछि देहायको उपदफा (४) र (५) थपिएका छन्;-

"(४) उपदफा (२) बमोजिम खुल्ला रुपमा आह्वान गरिने मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद सम्बन्धमा बोलपत्रदाताको योग्यता आवश्यक नहुने वा योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायले निश्चित गरेको तोकिएको रकमसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव एक खाममा राखी पेश गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम खुल्ला रुपमा आह्वान गरिने मालसामान र अन्य सेवा खरिदमा बोलपत्रदाताको योग्यता आवश्यक पर्नेमा वा तोकिएको रकमभन्दा बढीको निर्माण कार्य गर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम बोलपत्र आह्वान तथा मूल्याङ्कन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. <u>मूल ऐनको दफा १३ मा संशोधनः</u> मूल ऐनको दफा १३ को उपदफा (२) को,-

(१) खण्ड (ढ४) मा रहेको "बोलपत्रदाताको" शब्दपछि "आर्थिक तथा" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (द) को सट्टा देहायको खण्ड (द) राखिएको छः-

"(द) एकै खाममा पेश गर्ने भए प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात (प्राविधिक प्रस्ताव) र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्नुपर्ने व्यहोरा र दुई खाममा पेश गर्ने भएमाप्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात (प्राविधिक प्रस्ताव) र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी सिलबन्दी गरी ती छुट्टा छुट्टै खामलाई पुनः अर्को एउटै खामभित्र राखी सिलबन्दी गरी पेस गर्नु पर्ने व्यहोरा ।"

(३) खण्ड (ध) पछि खण्ड (न) थपिएको छः-

“(न) योग्यताका आधारको लागि अङ्कभार निर्धारण गरिएको अवस्थामा प्राविधिक र आर्थिक प्रस्तावको अङ्कभार ।”

९. <u>मूल ऐनको दफा १४ मा संशोधनः</u> मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

“तर विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय प्रणाली वाहेक अन्य माध्यमबाट प्रकाशन गर्नु पर्ने छैन।“

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईटमा राख्नु पर्नेछ र त्यस्तो सार्वजनिक निकायको वेबसाईट भए सोमा समेत राख्नु पर्नेछ"

(३) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (१) बमोजिमको प्रकाशन गर्ने सूचनाको अवधि तोकिएबमोजिम हुनेछ।"

(४) उपदफा (४क) र (४ख) झिकिएको छ।

(५)उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

“(५) विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा उपदफा (३) को खण्ड (ङ) बमोजिम बोलपत्र सम्बन्धी कागजात

वा पूर्व योग्यता सम्बन्धी कागजात पाईने स्थान खुलाउँदा दुई वा दुईभन्दा बढी सार्वजनिक निकायमा त्यस्तो कागजात पाईने व्यवस्था गर्नु पर्नेछ।"

(६) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) विद्युतीय खरिद प्रणाली मार्फत बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आह्वान नगरिएको अवस्थामा उपदफा (३) को खण्ड (च) बमोजिम बोलपत्र वा पूर्वयोग्यता सम्बन्धी प्रस्ताव पेश गर्ने वा पठाउने स्थान खुलाउँदा एउटै सार्वजनिक निकायमा मात्र पेश गर्ने वा पठाउने व्यवस्था गर्नु पर्नेछ।"

(७) उपदफा (८) पछि देहायको उपदफा (८क) थपिएको छः-

"(८क) सार्वजनिक निकायले गर्ने खरिदमा स्वदेशी मालसामानलाई तोकिए बमोजिम प्राथमिकता दिनु पर्नेछ। यसरी प्राथमिकता दिने कुरा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गर्नु पर्नेछ।"

(८) उपदफा (११) मा रहेको "विदेशी बोलपत्रदातालाई" भन्ने शब्दहरुपछि "तोकिएबमोजिम" शब्द थपिएको छ।

१०. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"१७. **<u>बोलपत्र वा पूर्वयोग्यता सम्बन्धी प्रस्ताव पेश गर्ने अन्तिम अवधिः</u>** सार्वजनिक निकायले बोलपत्र वा पूर्व योग्यता सम्बन्धी प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय निर्धारण गर्दा बोलपत्रदाताले पर्याप्त समय पाउने गरी तोकिए बमोजिमको अवधिमा नघट्ने गरी निर्धारण गर्नु पर्नेछ।"

११. **<u>मूल ऐनको दफा २१ मा संशोधनः</u>** मूल ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ङ) मा रहेको "कुनै जानकारी" भन्ने शब्दहरू पछि "निर्धारित समयमा नदिएमा वा त्यस्तो जानकारी" भन्ने शब्दहरू थपिएका छन्।

१२. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को,-

(१) उपदफा (४) मा "बोलपत्रदातासँग" भन्ने शब्द पछि "दर विश्लेषण लगायत बोलपत्र साथ पेश भएका कागजातमा उल्लिखित विषयलाई पुष्ट्याईं गर्न बोलपत्रमा सारभूत फरक नपर्ने गरी समय सीमा तोकी" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (५) मा "सम्बन्धित बोलपत्रदाताले" भन्ने शब्दहरू पछि "निर्धारित समयभित्र" भन्ने शब्दहरू थपिएका छन्।

१३. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को,-

(१) उपदफा (६) र (७) मा भएको "उपदफा (४)" भन्ने शब्दको सट्टा "उपदफा (५) " भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (७) मा भएको "उपदफा (५)" भन्ने शब्दको सट्टा "उपदफा (६) " भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (७) पछि देहायको उपदफा (७क), (७ख), (७ग) र (७घ) थपिएका छन्:-

"(७क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बोलपत्रदाताले कुनै आइटममा लागत अनुमानमा उल्लिखित दरको पचास प्रतिशत भन्दा कम दर उल्लेख

गरेको खण्डमा बोलपत्र मूल्याङ्कन गर्दा तुलना गर्ने प्रयोजनको लागि मात्र सो आइटममा स्वीकृत लागत अनुमानको दर राखी बोल अङ्क कायम गरिनेछ।

तर त्यस्तो बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो आइटममा निजले उल्लेख गरेकै दर गणना गरी कुल बोल अङ्क कायम गरी सम्झौता गरिनेछ।

(७ख) मूल्याङ्कन समितिले कुनै बोलपत्रदाताले स्वीकृत लागत अनुमानको तीस प्रतिशत भन्दा बढी घटेर कबुल गरी बोलपत्र पेश गरेकोमा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण माग गर्नु पर्नेछ।

(७ग) उपदफा (७ख) बमोजिम बोलपत्रदाताले पेश गरेको दर विश्लेषणलाई निजले उल्लेख गरेको कार्यसम्पादन गर्ने तरिका, प्रविधि एवं व्यवस्थापन विधि समेतको आधारमा प्रचलित नर्म्स र दररेट अनुसार दर विश्लेषण गरी तुलना गर्नु पर्नेछ र यसरी सार्वजनिक निकायको स्वीकृत दररेटसँग तुलना गर्दा बोलपत्रदाताले पेश गरेको एक वा एक भन्दा बढी मुख्य क्रियाकलापको दररेटबाट खरिद कार्यको कार्यसम्पादन हुन सक्ने आधार नदेखिएमा त्यस्तो बोलपत्रलाई मूल्याङ्कनबाट हटाउन सकिनेछ। दर विश्लेषणको आधारमा बोलपत्रदाताले पेश गरेको दररेटबाट खरिद कार्य सम्पादन हुन सक्ने वा नसक्ने व्यहोरा आधार र कारण सहित उपदफा (८) बमोजिमको मूल्याङ्कन प्रतिवेदनमा समेत खुलाउनु पर्नेछ ।

(७घ) उपदफा (७ग) बमोजिम खरिद कार्यको कार्यसम्पादन हुन नसक्ने दररेट प्रस्ताव गरी दाखिला गरिएका बोलपत्रलाई मूल्याङ्कनबाट हटाए पछि बोलपत्र जमानत समेत जफत गरिनेछ ।

१४. <u>**मूल ऐनको दफा २६ मा संशोधनः**</u> मूल ऐनको दफा २६ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क), (१ख) र (१ग) थपिएका छनः-

"(१ख) उपदफा (१) र (१क) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि उपदफा (१) को खण्ड (ख) बमोजिम न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूतरुपमा बढी भएको अवस्थामा सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदातासँग वार्ता गरेर बोल अङ्क घटाई स्वीकृत लागत अनुमान भित्र पार्नका लागि एकमुष्ठ छुट प्रतिशतमा सहमति गरी खरिद कारवाही अघि बढाउन सक्नेछ ।

(१ग) उपदफा (१ख) अनुसार वार्ताबाट कायम गरिएको एकमुष्ठ छुट प्रतिशतका आधारमा बोल अङ्क घटाउने सहमति गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित स्पेशिफिकेसन तथा गुणस्तरमा संशोधन हुने गरी कुनै सहमति गर्न पाइने छैन ।"

१५. <u>**मूल ऐनको दफा २७ मा संशोधनः**</u> मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) दफा २५ को उपदफा (८) बमोजिम मूल्याङ्कन समितिले पेश गरेको प्रतिवेदन सुधारको लागि पुनः बोलपत्र मूल्याङ्कन समितिमा फर्काउने अवस्था परेकोमा बाहेक पेश गरेको पन्ध्र दिनभित्र सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि छनौट गर्नु पर्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि दुई वा दुई भन्दा बढी न्यूनतम कबुल गर्ने बोलपत्रदाताहरूको बोल अङ्क बराबर हुन आएमा गोलाप्रथाबाट न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता स्वीकृतिको लागि छनौट गरिनेछ।"

(३) उपदफा (२) मा रहेको "उपदफा (१)" भन्ने शब्दहरू पछि "र (१क)" थपिएको छ ।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"उपदफा (३) को अवधिभित्र सम्बन्धित बोलपत्रदाताले कार्य सम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नु पर्नेछ। यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबरको कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ।"

१६. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० को,-

(१) उपदफा (१) पछि देहायको प्रतबन्धात्मक वाक्यांश थपिएको छः-

"तर विद्युतीय खरिद प्रणाली मार्फत आशय पत्र माग गरिएको अवस्थामा विद्युतीय खरिद प्रणाली वाहेक अन्य माध्यमबाट सूचना प्रकाशन गर्नु पर्नेछैन।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

(३) "उपदफा (१) बमोजिम विद्युतीय खरिद प्रणाली मार्फत आशयपत्र आह्वान नगरिएको अवस्थामा त्यस्तो सूचना सम्बन्धित सार्वजनिक सार्वजनिक निकायको वेबसाइट भए सोमा र नभएमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईटमा राख्नु पर्नेछ।"

उपदफा (६) मा रहेको दफा ३१ पछिको बमोजिम भन्ने शब्दको सट्टा "को उपदफा (२) बमोजिमका कुराहरु उल्लेख गरी" भन्ने शब्दहरु थपिएका छन्।

१७. **मूल ऐनको दफा ३६ मा उपदफा (२) र (३) थप गरिएकोः** मूल ऐनको दफा ३६ मा देहायको उपदफा (२) र उपदफा (३) थप गरिएका छन्:-

" उपदफा (२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि लागत अनुमान र उपलब्ध बजेटभन्दा छनोट भएको प्रस्तावदाताको कबोल रकम सारभूतरूपमा बढी भएको अवस्थामा निजपछि कम अङ्क प्राप्त गर्ने प्रस्तावदाताको कबोल रकम लागत अनुमान र उपलब्ध बजेटभन्दा सारभूतरूपमा बढी नभएमा सम्पूर्ण खरिद कारबाही रद्द नगरी निजलाई छनोट गरी स्वीकृत गर्न बाधा पर्ने छैन।

उपदफा (३) यस दफाको प्रयोजनको लागि कबोल रकम लागत अनुमान भन्दा सारभूत रूपमा बढी हो वा होइन भन्ने कुराको निर्णय गर्दा सार्वजनिक निकायले सो समयको स्थानीय वा अन्तर्राष्ट्रिया बजारमा सम्बन्धित परामर्श सेवाको मूल्य घटबढको अवस्था, लागत अनुमान तथा समयमै खरिद नगर्दा सार्वजनिक निकायलाई हुन सक्ने नोक्सानी समेतको विश्लेषण गर्नुपर्नेछ।"

१८. **मूल ऐनको दफा ४० मा संशोधनः** मूल ऐनको दफा ४० को,-

(४) उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर विद्युत्तीय खरिद प्रणाली मार्फत सिलबन्दी दरभाउपत्र आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय खरिद प्रणाली बाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।"

(२) उत्पादक, आपूर्तिकर्ता तथा सेवा प्रदायकले उपदफा (१) मा उल्लखित प्रणालीमा आफ्नो उत्पादन तथा सेवाको विवरणहरु मूल्य सहित प्रकाशन गर्न सक्नेछन् ।

(५) उपदफा (४) मा रहेको "एक पटक" भन्ने शव्दहरुको अगाडि "सार्वजनिक निकायले नै संशोधन गरेको कारणबाट दर्ता भइसकेको सिलबन्दी दरभाउपत्रमा संशोधन गर्नु पर्ने अवस्था बाहेक" भन्ने शब्दहरु थपिएका छन्।

१९. **मूल ऐनको दफा ४१ मा संशोधनः** मूल ऐनको दफा ४१ को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेको "साविकको" भन्ने शव्द पछि "वा आधिकारिक" भन्ने शब्दहरू थपिएका छन्।"

(२) उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ),(ज) र (झ) थपिएका छन् :-

"(छ) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम नेपालले आतिथ्यता गर्ने अन्तरराष्ट्रिय सभा, सम्मेलन, सेमिनार वा बैठक आयोजनाका लागि आवश्यक खरिद,

"(ज) नेपाल सरकार र विदेशी सरकारबीच तथा नेपाल सरकार र अन्तरसरकारी अन्तरराष्ट्रिय संस्थाबीच गरिने खरिद ।"

(झ) नेपाल बाहिर हुने मध्यस्थताको लागि सार्वजनिक निकायको तर्फबाट बहस पैरवी वा परामर्श गर्न आवश्यक विशेषज्ञ वा कानून व्यवसायी नियुक्त गर्नु परेमा

(३) उपदफा (२) मा रहेको "खण्ड (ख)" भन्ने शव्दहरू पछि "(ग)" भन्ने शव्द थपिएको छ।

(४) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"उपदफा (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (झ) बमोजिम खरिद गर्दा दफा २ को खण्ड (ख) को उपखण्ड (१) को हकमा सचिव वा सो सरहको कार्यालय प्रमुख र अन्य सार्वजनिक निकायको हकमा सर्वोच्च कार्यकारी निकायले निर्णयबमोजिम सोझै खरिद गर्न सक्नेछ।"

२०. **मूल ऐनमा दफा ४१क. थप गरिएकोः** मूल ऐनमा देहायको दफा ४१क. थप गरिएको छः-

"४१क. **सरकारी ई-मार्केटप्लेस सम्बन्धी व्यवस्थाः** (१) दफा ४१ मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको सरकारी ई-मार्केटप्लेसमा प्रकाशित मालसामान तथा सेवा तोकिए बमोजिमको रकम सम्म सोझै खरिद गर्न सकिनेछ।

(३) ई-मार्केटप्लेस प्रणालीमा मालसामान तथा सेवाको विवरणहरु प्रकाशन गर्ने तथा खरिद गर्ने सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।"

२१. **मूल ऐनमा दफा ४२क. थपः** मूल ऐनमा देहायको दफा ४२क. थप गरिएको छः

"(१) **मल, औषधी वा सूचना प्रविधि खरिदसम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक निकायले मल, औषधी, सूचना प्रविधि लगायतका खरिद गर्दा देहायका विषयमा तोकिएबमोजिमको कार्यविधि अपनाउनु पर्नेछः-

(क) लागत अनुमान र सोको स्वीकृति,

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) मूल्यवृद्धि,

(ग) बोलपत्रदाताको ग्राह्यता,

(घ) बोलपत्र जमानत,

(ङ) बोलपत्रको दाखिला, र

(च) तोकिए बमोजिमको अन्य विषय ।

(२) उपदफा (१) मा उल्लेख भए बाहेकका अन्य कार्यविधिहरु यस ऐनमा व्यवस्था भए बमोजिम नै हुनेछन् ।"

२२. **<u>मूल ऐनको दफा ४३ पछि ४३क.</u>**थपः मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क., थपिएको छः-

"**४३क. <u>जग्गा खरिद गर्ने सम्बन्धी व्यवस्था</u>:** सार्वजनिक निकायले व्यापारिक वा व्यावसायिक प्रयोजनको लागि जग्गा खरिद गर्नु पर्ने भएमा तोकिएबमोजिमको कार्यविधि अपनाई खरिद गर्न सक्नेछ।"

२३. **<u>मूल ऐनको दफा ४८ मा संशोधन</u>:** मूल ऐनको दफा ४८ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "वा नेपाल सरकारको विशिष्ट श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्तिहरु" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः-

"(ख) इन्जिनियरिङ, लेखा, कानून वा वाणिज्य सम्बन्धी कार्यमा कम्तीमा बीस वर्ष अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट दुईजना- सदस्य"

(३) उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(४) उपदफा (२) मा रहेको खण्ड (ग) भन्ने शव्दहरुको सट्टा खण्ड (ख) भन्ने शव्दहरु राखिएका छन्।

(५) उपदफा (२) पछि देहायको उपदफा (२क) र (२ख) थपिएका छन् ।

"(२क) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य नियुक्ति गर्दा फरक-फरक विधाबाट प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(२ख) यस दफामा जुनसुकै कुरा उल्लेख गरिएको भएपनि यो ऐन जारी हुँदाको बखत कायम रहेको अध्यक्ष र सदस्यहरु पदावधि निजको शुरु नियुक्तिमा उल्लेख भए बमोजिम नै कायम रहनेछ।"

(६) उपदफा (४) झिकिएको छ।

(७) उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"सार्वजनिक खरिद पुनरावलोकन समितिले आफ्नो कार्य सञ्चालन कार्यविधि आफै बनाई लागु गर्न सक्नेछ र समितिले उक्त कार्यविधि सार्वजनिक गर्नु पर्नेछ।"

२४. **<u>मूल ऐनको दफा ५० मा उपदफा (५क), (५ख) र (५ग) थप</u>:** मूल ऐनको दफा ५० को,-

"(५क) उपदफा (५) बमोजिम सार्वजनिक खरिद पुनरावलोकन समितिले गरेको निर्णय सम्बन्धित सार्वजनिक निकायले कार्यान्वयन गर्नु पर्नेछ।

(५ख) सम्बन्धित सार्वजनिक निकायको सम्बन्धित पदाधिकारीले उपदफा (५क) बमोजिम निर्णय कार्यान्वयन नगरेमा दफा ४९ बमोजिम निवेदन दिने बोलपत्रदाता वा प्रस्तावदाताले सार्वजनिक खरिद पुनरावलोकन समितिमा निवेदन दिनुपर्नेछ।

(५ग) उपदफा (५ख) बमोजिम निवेदन दर्ता भएमा सो सम्बन्धमा जाँचबुझ गरी कार्यान्वयन भएको नपाइएमा सार्वजनिक खरिद पुनरावलोकन समितिले त्यस्ता पदाधिकारीउपर प्रचलित कानूनबमोजिम विभागीय कारबाही गर्न अख्तियारप्राप्त अधिकारीसमक्ष लेखी पठाउन सक्नेछ।"

२५. **मूल ऐनको दफा ५२ मा संशोधनः** मूल ऐनको दफा ५२ को उपदफा (२) को खण्ड (ध) पछि देहायको खण्ड (ध१) थपिएको छः-

"(ध१) सञ्चार तथा सूचना प्रविधि प्रणाली जडान (installation) पश्चात् आंशिक भुक्तानी गर्दा अस्थायी स्वीकृति परीक्षण सम्पन्न गर्नु पर्ने र अन्तिम भुक्तानी गर्दा प्रणालीको निश्चित अवधिको व्यापारिक कारोबारको सञ्चालन पश्चात् अन्तिम स्वीकृति परीक्षण सम्पन्न गर्नु पर्ने व्यवस्था।"

२६. **मूल ऐनको दफा ५२क. मा संशोधनः** मूल ऐनको दफा ५२क. को सट्टा देहायको दफा ५२क. राखिएको छः-

"५२क. **मोबिलाइजेसन पेश्की सम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् निर्माण कार्यका हकमा निर्माण कार्य सुरु गर्न आवश्यक पर्ने निर्माणस्थल तयारी, अस्थायी क्याम्प, कामदारको व्यवस्था तथा कामदार आवास गृह, मेसिन उपकरण व्यवस्थापन जस्ता कार्यका लागि र मालसामान आपूर्ति र परामर्श सेवाको हकमा आवश्यकता र औचित्य हेरी आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी मोबिलाइजेसन पेश्की दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मोबिलाइजेसन पेश्की दिँदा कार्यतालिका लिई पहिलो पटक स्वीकृत पेश्की रकमको आधा नबढ्ने गरी दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम पहिलो पटक पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम कार्य प्रारम्भ गरेको नपाइएमा सम्बन्धित सार्वजनिक निकायले उपदफा (१) बमोजिम लिइएको बैङ्क जमानत जफत गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम कार्य प्रारम्भ गरेको कुरा यकिन गरी सोको आधारमा बाँकी रकम दिन सकिनेछ।

(६) उपदफा (१)बमोजिम लिएको मोबिलाइजेसन पेश्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको बैङ्क खाता मार्फत मात्र भुक्तानी हुनेछ।

(७) उपदफा (१) बमोजिम लिएको मोबिलाईजेसन पेश्की रकम कुन कुन कार्यको लागि खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिएबमोजिम उपलब्ध गराउनु पर्नेछ।

(८) उपदफा (२) बमोजिम पेश्की रकम लिएपछि सो उपदफा बमोजिम पेश गरेको कार्यतालिका, सार्वजनिक निकायसँग गरेको सम्झौता र उपदफा (१) बमोजिमको कार्य नगरेमा वा लिएको पेश्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको अग्रिम बैङ्क जमानत जफत गरी सम्झौता रद्द गर्नु पर्नेछ। यसरी सम्झौता रद्द भएमा त्यस्तो आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई प्रचलित कानून बमोजिम कारबाही समेत हुनेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भए तापनि काबु बाहिरको परिस्थिति जनाई आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले कार्यतालिका बमोजिमको काम हुन नसकेको भनी निवेदन पेश गरेमा बाँकी कार्य सम्पन्न गर्ने कबुलियत गराई कार्यालय प्रमुखले आवश्यकता अनुसार कार्यतालिका संशोधन गर्न अनुमति दिन सक्नेछ।

(१०) यस दफा बमोजिम मोबिलाइजेसन पेश्की दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२७. **मूल ऐनको दफा ५४ मा संशोधनः** मूल ऐनको दफा ५४ को,-

(१) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) को सट्टा देहायका खण्ड (क), (ख), (ग) र (घ) राखिएका छन्:

(क) पाँच प्रतिशतसम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको प्रमुखले,

(ख) दश प्रतिशतसम्मको भेरिएशन सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले,

(ग) पन्ध्र प्रतिशतसम्मको भेरिएशन प्रथम श्रेणी वा सो सरहको प्रमुखले,

(घ) पन्ध्र प्रतिशतभन्दा माथिको भेरिएशन विभागीय प्रमुखले।

(२) उपदफा (३) झिकिएको छ।

२८. **मूल ऐनको दफा ५५ मा संशोधनः** मूल ऐनको दफा ५५ को उपदफा (२) मा रहेको "वा एकमुष्ट कार्य सम्पादन (लम्प सम कन्ट्राक्ट)" भन्ने शब्दहरु झिकिएको छ।

२९. **मूल ऐनको दफा ५९ मा संशोधनः** मूल ऐनको दफा ५९ को,-

(१) उपदफा (५) को खण्ड (क) मा रहको उपदफा (२) को सट्टा उपदफा (३) राखिएको छ।

(२) उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छः-

"(८) उपदफा (७) बमोजिम सम्झौता अन्त्य भएमा सो कामबापत राखिएको पूरै कार्यसम्पादन जमानत जफत हुनेछ । सो अवस्थामा सम्झौता बमोजिमको बाँकी कार्य सम्पन्न गर्न सार्बजनिक निकायले गरेको अद्यावधिक लागत अनुमानको आधारमा आउने रकम र सम्वन्धित आपूर्तिकर्ता, निर्माण ब्यबसायी, परामर्शदाता वा सेवाप्रदायकबाट नै उक्त कार्य सम्पन्न हुँदा लाग्ने रकमको तुलनाका आधारमा सार्बजनिक निकायले बेहोर्नु पर्ने थप रकमको दायित्व एकिन गरि त्यसरी सम्झौता बमोजिम काम सम्पन्न नगर्ने आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट उक्त थप रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ। यसरी सम्झौताको अन्त्य गरिएको अबस्थामा उक्त अध्यावधिक लागत अनुमान वमोजिमको बाँकी कार्य पुरा गर्न सार्बजनिक निकायले बोलपत्र आब्हान गर्न बाधा पर्ने छैन ।"

(३) उपदफा (९) को उपदफा (७) भन्ने शब्दहरुको अगाडि "सम्झौता भएको मितिले एक वर्षभित्र" भन्ने शब्दहरु थपिएका छन्।

(४) उपदफा (९क), (९ख) र (९ग) मा रहेको "पूर्वाधार कम्पनी" भन्ने शब्दहरुको सट्टा "सरकारी निर्माण कम्पनी" भन्ने शब्दहरु राखिएका छन्।

३०. <u>मूल ऐनको दफा ६१क. मा संशोधनः</u> मूल ऐनको दफा ६१क. को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सार्वजनिक खरिद कार्यसँग सम्बन्धित पदाधिकारीले देहायका कार्य गरेमा त्यस्तो पदाधिकारीलाई अख्तियार प्राप्त अधिकारीले प्रचलित कानून बमोजिम कारबाही गर्नेछ :-

(क) निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न हुने गरी खरिद सम्बन्धी कारवाही प्रारम्भ नगरेको वा तत्सम्बन्धमा आवश्यक निर्णय नगरेको,

(ख) निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेट विनियोजन नभई तथा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गरेको,

(ग) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सार्वजनिक खरिद प्रक्रियामा भाग लिन रोक लगाउनु पर्नेमा सो बमोजिम लेखी नपठाएको वा असुल वा जफत गर्नु पर्नेमा नगरेको,

(घ) खरिद सम्झौता कार्यान्वयनको चरणमा गर्नु पर्ने साइट तथा डिजाइन ड्रइङ उपलब्ध गराउने, भेरिएसन आदेश जारी गर्ने, अवधि थप, पेश भएको बिलको भुक्तानी लगायतका आवश्यक निर्णय समयमै नगरेमा

(घ) कालो सूचीमा राख्न लेखी पठाउनु पर्नेमा सो लेखी नपठाएको,

(ङ) दफा ६१ बमोजिमको आचरण पालना नगरेको, वा,

(च) तोकिएको जिम्मेवारी पूरा नगरेको ।"

३१. <u>मूल ऐनको दफा ६१ख. थपः</u> मूल ऐनमा देहायको दफा ६१ख. थप गरिएको छः-

"<u>६१ख. कर्मचारीलाई प्रोत्साहन सुविधा दिन सक्नेः</u> नेपाल सरकार वा सार्वजनकि निकायको सर्वोच्च कार्यकारी निकायले खरिद सम्बन्धी कार्य निर्धारित शुरु समयावधि भित्रै गुणस्तरीय रुपमा सम्पादन गरी उत्कृष्ट नतिजा प्राप्त भएको आधारमा त्यस्तो खरिद कार्यमा संलग्न कर्मचारीलाई तोकिए बमोजिम प्रोत्साहन सुविधा दिन सक्नेछ।"

३२. <u>मूल ऐनको दफा ६२क. थपः</u> मूल ऐनमा देहायको दफा ६२क. थप गरिएको छः-

"६२क. <u>निर्माण व्यवसायीलाई पुरस्कार र प्रसंशापत्र दिन सक्नेः</u> नेपाल सरकार वा सार्वजनिक निकायको सर्वोच्च कार्यकारी निकायले निर्धारित शुरु समयावधिभित्रै गुणस्तरीय रुपमा निर्माण सम्बन्धी कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई पुरस्कार स्वरुप तोकिए बमोजिमको रकम र प्रसंशापत्र दिन सक्नेछ ।"

३३. <u>मूल ऐनको दफा ६३ मा संशोधनः</u> मूल ऐनको दफा ६३ को,

(१) दफा ६३ को दफा शीर्षकमा रहेको "र फुकुवा गर्ने" भन्ने शब्दहरू झिकिएको छ।

(२) उपदफा (१) मा रहेको "प्रस्तावदाता" भन्ने शब्द पछि "सिलबन्दी दरभाउपत्रदाता" भन्ने शब्दहरू र "कम्पनीलाई" भन्ने शब्दको सट्टा "कम्पनी तथा त्यस्ता फर्म, संस्था वा कम्पनीका सञ्चालकलाई" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (१) को खण्ड (क) अगाडि देहायको खण्ड (क) र (ख) थपिएका छन्:

(क) दफा १९ को उपदफा (१) मा उल्लिखित अवधि समाप्त भएपछि बोलपत्र संशोधन वा फिर्ता माग गरेमा,

(ख) दफा २३ को उपदफा (४) बमोजिम माग गरेको विषयमा जानकारी वा जवाफ नदिएमा वा त्यस्तो जानकारी वा जवाफ दिंदा मूल्य वा सारभूत कुरा परिवर्तन गरेमा"

(४) उपदफा (१) को खण्ड (ख) मा रहेको "वा" को सट्टा "," चिह्न राख्ने र "३८" पछि "वा ४०" भन्ने शब्द थपिएको छ।

(५) उपदफा (२) मा रहेको " प्रस्तावदाता भन्ने शब्दको पछि "शिलबन्दी दरभाउपत्रदाता" भन्ने शब्द थपिएको छ।

(६) उपदफा (२) र (३) मा रहेको "कम्पनीले" भन्ने शब्दको सट्टा "कम्पनी तथा त्यस्ता फर्म, संस्था वा कम्पनीका सञ्चालकले" भन्ने शब्दहरु थपिएका छन्।

(७) उपदफा (६) झिकिएको छ।

३४. **<u>मूल ऐनको दफा ६५ मा संशोधनः</u>** मूल ऐनको दफा ६५ को,-

(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः

"(ख) टर्न की, ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, संरचनात्मक वा एकाई दर, निर्मित संरचनाको सञ्चालन तथा व्यवस्थापन आदि सम्झौताका लागि आवश्यक पर्ने प्राविधिक मार्गदर्शन जारी गर्ने।"

(२) उपदफा (१) को खण्ड (ग) मा रहेको "तयार गर्ने" भन्ने शब्दहरूको सट्टा "जारी गर्ने" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (घ१) झिकिएको छ।

(४) उपदफा (घ३) पछि देहायको (घ४) थपिएको छः-

"(घ४) सरकारी ई-मार्केटप्लेससँग सम्बन्धित प्रणालीको विकास तथा सञ्चालन गर्ने।"

(५) उपदफा (ञ) झिकिएको छ।

(६) उपदफा (ठ१) को सट्टा देहायको खण्ड (ठ१) राखिएको छः-

"(ठ१) खरिद विज्ञ र खरिदसम्बन्धी तालिम दिने संस्थाको तोकिएबमोजिम प्रमाणीकरण गर्ने,"

(७) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले बोलपत्र खोली मूल्याङ्कनको चरणमा प्रवेश भएको खरिद कारबाहीका सम्बन्धमा कुनै पनि राय परामर्श उपलब्ध गराउने, कुनै किसिमले संलग्न हुने वा तत् सम्बन्धमा उत्पन्न हुने विवाद समाधान गर्ने छैन।"

(८) उपदफा (२क) को सट्टा देहायको खण्ड (२क) राखिएको छः-

"(२क) सार्वजनिक निकायबाट भएको खरिद कारबाही यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका वा नमुना बोलपत्र सम्बन्धी कागजात विपरीत भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो खरिद कारबाहीमा देखिएका त्रुटि सच्याउन सम्बन्धित सार्वजनिक निकायलाई ध्यानाकर्षणका लागि लेखी पठाउन सक्नेछ। यसरी लेखी आएमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो त्रुटि सच्याई सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनु पर्नेछ।

(६) उपदफा (२क) पछि देहायको उपदफा (२ख) थपिएको छः-

"उपदफा (२क) बमोजिम ध्यानाकर्षण गराउँदा सुधार गरेको नपाईएको अवस्थमा खरिद कारबाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानून बमोजिम कारबाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारबाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ। यसरी लेखी आएमा सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानूनबमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनु पर्नेछ।"

३५. <u>मूल ऐनमा देहायको दफा ६६क. थप गरिएको छः</u>

(१) "**६६क. ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की र संरचनात्मक सम्झौतासम्बन्धी विशेष व्यवस्था**:(१) सार्वजनिक निकायले मध्यम, ठूला र जटिल तथा बिशेष प्राविधिक क्षमता आवश्यक पर्ने आयोजनाहरूको लागि तोकिए बमोजिमको अधिकारीबाट स्वीकृति लिई ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, हाइब्रिड एन्नुइटी मोडेल वा टर्न की सम्झौताका माध्यमबाट खरिद गर्न सक्नेछ ।

(२) सार्वजनिक निकायले खरिद सम्झौतामा उल्लिखित मालसामान वा अन्य सेवा सार्वजनिक निकायले माग गरेको समयमा खरिद सम्झौतामा उल्लिखित दर र शर्त बमोजिम एक वा एकभन्दा बढी आपूर्तिकर्ताबाट प्राप्त गर्ने व्यवस्था गर्नको लागि संरचनात्मक सम्झौताका माध्यमबाट खरिद गर्न सकिनेछ।

(३) ई.पी.सी (ईन्जिनियरिङ, प्रोक्युर्मेन्ट एण्ड कन्स्ट्रक्सन), डिजाइन र निर्माण, टर्न की सम्झौता, संरचनात्मक सम्झौता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

३६. **<u>मूल ऐनको दफा ६७ मा संशोधनः</u>** मूल ऐनको दफा ६७ को,-

(१) उपदफा (१) को खण्ड (क) मा रहेको "प्रतिरक्षा" भन्ने शब्द पछि "वा साइबर सुरक्षा तथा डाटा सुरक्षा प्रणाली" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (१) को खण्ड (घ) मा "महोत्सव, भन्ने शब्द पछि "विज्ञापन" भन्ने शब्द र त्यस्ता कार्यका लागि गरिने आवश्यक मालसामान वा अन्य सेवा खरिद" भन्ने शब्दहरू थपिएका छन्।

(३) खण्ड (ङ) मा रहेको "मालसामान" भन्ने शब्दपछि " वा निर्माण कार्य, परामर्श सेवा, चल अचल सम्पत्ति" भन्ने शब्दहरू थपिएका छन्।

३७. **<u>मूल ऐनको दफा ७४ मा संशोधनः</u>** मूल ऐनको दफा ७४ को,-

(१) उपदफा (२) मा रहेको "त्यस्ता निकायसँग सम्बन्धित ऐन, नियम वा गठन आदेशको" भन्ने शब्दहरूको सट्टा "यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारबाट स्वीकृत भएका नियम, कार्यविधि वा निर्देशिकाको" भन्ने शब्दहरू थपिएका छन्।"
"

(२) उपदफा (३) पछि देहायको (४) थपिएको छः-

"(४) नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय वा कुनै निकायबाट हुने कुनै काम वा निर्णय गर्न यस ऐनमा कुनै निकाय वा पदाधिकारी तोकिएकोमा प्रदेश सरकार र स्थानीय तहले त्यस्तो काम वा निर्णय गर्नको लागि निकाय वा पदाधिकारी तोक्ने गरी व्यवस्था गर्नु पर्नेछ।"

३८. **<u>मूल ऐनको दफा ७४क. मा संशोधनः</u>** मूल ऐनको दफा ७४क.मा रहेको "प्राविधिक मार्गदर्शन" भन्ने शब्दहरू हटाइएको छ।